**आकाशवाणी समाचार**

**20th OF APRIL**

**मुख्य समाचार**

- **ईस्टरको अवसरमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीबाट शुभकामना  सन्देश**
- **प्रधानमन्त्रीको साउदी अरब यात्रा: दुई देशबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने प्रयास**
- **साउदी अरब भारतको पाँचौं र भारत साउदी अरबको दोस्रो ठूलो व्यापारिक साझेदारका रूपमा स्थापित**
- **मुस्लिम समुदायलाई वक्फको संशोधित ऐनबारे भाजपाले जागरूक गराउने**
- **जम्मु-कश्मीरको रामबनमा वर्षासँगै बाढी र भूक्षय हुनसंगै तीन जनाको मृत्यु, सयभन्दा बढी उद्धार**

**ईस्टरको अवसरमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीबाट शुभकामना सन्देश**

ईस्टरको अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड र प्रधानमन्त्री नरेन्द्र मोदीले जनतालाई शुभकामना दिनुभएको छ। राष्ट्रपति मुर्मुले आफ्नो सन्देशमा भन्नु भयो कि येशू ख्रीष्टको जीवन सत्य, न्याय र करुणाको मार्गमा अगाडि बढ्न प्रेरित गर्छ। उहाले सबैलाई येशू ख्रीष्टको त्याग र प्रेमको सन्देशलाई जीवनमा आत्मसात् गर्न आग्रह पनि गर्नुभएको छ। उपराष्ट्रपति धनखडले आफ्नो सन्देशमा भन्नुभयो कि ईस्टर नयाँ आशा र नयाँ सुरुवातको प्रतीक हो। उहाले येशूको करुणा, क्षमा र सेवा भावनाले समावेशी र समरस समाज निर्माणको बाटो देखाउने बताउनुभयो। प्रधानमन्त्री मोदीले पनि ईस्टर नयाँ आशा र प्रारम्भको पर्व भएको उल्लेख गर्दै भन्नुभयो कि येशू ख्रीष्टको सन्देशले मानव जातिलाई प्रेम, सेवा र त्यागको मार्गमा हिँड्न प्रेरणा दिन्छ।

**राष्ट्रपति द्रौपदी मुर्मू 24 अप्रेलमा सिलगढ़ी आउने**

आगामी हप्ता 24 र 25 अप्रेलमा फाँसीदेवास्थित सन्तोषिनी हाई स्कूल मैदानमा अन्तरराष्ट्रिय सन्थाल परिषदको 9औं सम्मेलन भइरहेको छ। उक्त सम्मेलनमा मुख्य अतिथिको रूपमा देशकी राष्ट्रपति द्रौपदी मुर्मू सामेल हुनुहुने छ। यस कार्यक्रममा पश्चिम बंगाल र सिक्किमका मुख्यमन्त्रीलाई पनि आमन्त्रित गरिएको छ। यस दुई दिवसीय सम्मेलनमा विभिन्न कार्यक्रम आयोजन गरिने छ।

**प्रधानमन्त्री नरेन्द्र मोदीको साउदी अरब यात्रा: दुई देशबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने प्रयास**

प्रधानमन्त्री नरेन्द्र मोदी यस महिनाको 22 तारिख साउदी अरबको दुईदिने भ्रमणका लागि जेद्दा जाँनु हुँदै छ। यो विगत चार दशकमा कुनै पनि भारतीय प्रधानमन्त्रीको साउदी अरबको व्यापारिक केन्द्र जेद्दातर्फ भएको पहिलो भ्रमण हुनेछ। प्रधानमन्त्री मोदीको यो यात्रा भारत–साउदी सम्बन्धमा आएको उल्लेखनीय परिवर्तनको संकेत पनि हो। भारत र साउदी अरबबीचको यो सबल र बहुआयामिक आर्थिक साझेदारी शताब्दीऔं पुराना सम्पर्क र विश्वासमा आधारित छ, जुन हालका दशकहरूमा उच्चस्तरीय भेटघाट र रणनीतिक सम्झौताहरूको माध्यमबाट थप बलियो बनाइएको छ।

**साउदी अरब भारतको पाँचौं र भारत साउदी अरबको दोस्रो ठूलो व्यापारिक साझेदारका रूपमा स्थापित**

साउदी अरब भारतको पाँचौं र भारत साउदी अरबको दोस्रो ठूलो व्यापारिक साझेदारका रूपमा स्थापित भएको छ। आर्थिक वर्ष 2023-24 को अवधिमा दुई देशबीचको द्विपक्षीय व्यापारमा उल्लेखनीय वृद्धि देखिएको छ। साउदी अरबबाट भारतले 31 अर्ब ब्यालिस  करोड अमेरिकी डलर बराबरको सामान आयात गरेको छ भने भारतले, साउदी अरबतर्फ, 11 अर्ब छप्पन करोड अमेरिकी डलरको सामान निर्यात गरेको छ। भारतबाट निर्यात गरिने प्रमुख वस्तुहरूमा इन्जिनियरिङ्ग सामग्री, चामल, पेट्रोलियम उत्पादनहरू, रसायन, कपडा, खाद्य सामग्री र सिरामिक टाइल्स सामेल छन्। यस्तै, दुवै देशबीच लगानी प्रवाह पनि निरन्तर बढ्दो छ।

साउदी अरब "भारत–मध्यपूर्व–युरोप आर्थिक करिडोर" परियोजनामा पनि एक प्रमुख साझेदारका रूपमा सहभागी छ।
यस विषयमा  साउदी अरबमा कार्यरत भारतीय राजदूत डा. सुहेल एजाज खानले आकाशवाणी समाचारसँग कुराकानी गर्दै यस्तो जानकारी दिनुभएको छ!

**मुस्लिम समुदायलाई वक्फको संशोधित ऐनबारे भाजपाले जागरूक गराउने**

भारतीय जनता पार्टीले वक्फ संशोधन ऐनका लाभहरूको बारेमा जनतालाई जागरूक गराउने उद्देश्यले आजदेखि देशव्यापी अभियान – 'वक्फ सुधार जनजागरण अभियान' सुरु गरेको छ। यो अभियान मे 5 सम्म सञ्चालन हुनेछ। अभियानको क्रममा, भाजपा नेताहरू र कार्यकर्ताहरू मुस्लिम समुदायकहाँ पुग्नेछन् र उनीहरूलाई संशोधित ऐनका विषयमा जानकारी दिनेछन्।

**भुटानी राजा जिग्मे खेसर नामग्येल वाङ्चुकको असम भ्रमण, क्षेत्रीय सहयोग र पूर्वाधार विकासमा जोड**

भुटानका राजा जिग्मे खेसर नामग्येल वाङ्चुकले आज भारतको असम राज्यस्थित जोगीघोपा पुगेर, त्यहाँ अन्तर्देशीय जलमार्ग टर्मिनल (IWTT) र मल्टी-मोडल लजिस्टिक्स पार्क (MMLP) को निरीक्षण गर्नुभयो। भारतीय विदेश मन्त्रालयका अनुसार, यी दुई परियोजनाहरू व्यापार विस्तार र क्षेत्रीय विकास प्रवर्द्धनमा केन्द्रित "कनेक्टिभिटी" का मुख्य भाग हुन्। 'पडोसी प्रथम नीति' अन्तर्गत भारत सरकारले भुटानसँग व्यापारिक र आर्थिक सहकार्यलाई सहज बनाउने उद्देश्यले विभिन्न पहलहरू अघि सारेको मन्त्रालयले जनाएको छ। यसै महिनाको सुरुमा बैंककमा आयोजित छैटौं शिखर सम्मेलनको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेसँग भेट गर्नु भएको थियो। सो भेटमा प्रधानमन्त्री मोदीले भुटानसँग विभिन्न क्षेत्रमा सहकार्य गर्न भारत प्रतिबद्ध रहेको पुनः दोहोराउनु भएको थियो।

**जम्मु-कश्मीरको रामबनमा वर्षासँगै बाढी र भूक्षय हुनसंगै तीन जनाको मृत्यु, सयभन्दा बढी उद्धार**

जम्मु–कश्मीरको जम्मु क्षेत्रअन्तर्गत रामबन जिल्लाको सेरी बगना क्षेत्रमा गएरातिको मुसलधारे वर्षापछि चट्टान खसेर सडक अवरुद्ध भए पछि राहत र उद्धार कार्य चलिरहेको छ। यस घटनामा दुई बालबालिका र एक वृद्धको ज्यान गएको छ भने 100 भन्दा बढी व्यक्तिहरूको सुरक्षित उद्धार गरिएको छ। अधिकारीहरूका अनुसार रामबन तथा वरपरका क्षेत्रमा असिना पानि र विभिन्न ठाउँमा भूक्षयका घटनाहरू भएको छ। आकस्मिक बाढीका कारण रामबनमा थुप्रै घरहरू भत्किएका छन् र श्रीनगर–जम्मु राष्ट्रिय राजमार्गमा रहेका केही सवारीसाधन क्षतिग्रस्त भएका छन्। उपराज्यपाल मनोज सिन्हा र पूर्व मुख्यमन्त्री उमर अब्दुल्लाले बाढी र भूक्षयका कारण भएका जनधनको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ। उमर अब्दुल्लाले अहिले प्राथमिक रूपमा जमिनी स्तरमा अवस्थालाई नियन्त्रण गर्ने प्रयास भइरहेको बताउनुभयो। उहाले यात्रुहरूलाई यात्रा सम्बन्धी सूचनाको पालना गर्न र जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न आग्रह गर्नुभएको छ। यसैबीच, ऐतिहासिक वैकल्पिक मार्गको रूपमा चिनिने मुगल रोड पुनः सवारी आवागमनका लागि खोलिएको छ। अधिकारीहरूले यात्रुहरूलाई अर्को सूचना नआएसम्म यी मार्गहरू प्रयोग नगर्न सल्लाह दिएका छन्। साथै, ट्राफिक प्रहरीको आधिकारिक ट्वीटर ह्यान्डल वा फेसबुक पेजबाट अद्यावधिक जानकारी लिन आग्रह गरिएको छ।

**मुख्य समाचार फेरि एकपल्ट**

- **ईस्टरको अवसरमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीबाट शुभकामना सन्देश**
- **प्रधानमन्त्रीको साउदी अरब यात्रा: दुई देशबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने प्रयास**
- **साउदी अरब भारतको पाँचौं र भारत साउदी अरबको दोस्रो ठूलो व्यापारिक साझेदारका रूपमा स्थापित**
- **मुस्लिम समुदायलाई वक्फको संशोधित ऐनबारे भाजपाले जागरूक गराउने**
- **जम्मु-कश्मीरको रामबनमा वर्षासँगै बाढी र भूक्षय हुनसंगै तीन जनाको मृत्यु, सयभन्दा बढी उद्धार**